जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १३४ पृष्ठः ४ | २०८३ भदौ ३१ बुधबार (Wednesday 16 Sept. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## बेतौना–हरिपुर खानेपानी समस्या समाधानबारे अध्ययन गर्दै प्राविधिक टोली



सिरहा, ३० भदौ। सिरहाको गोलबजार नगरपालिका–१२ को बेतौना–हरिपुरमा देखिएको खानेपानी समस्या समाधानबारे अध्ययन गर्न प्राविधिक टोली खटिएको छ। स्थानीयले भोग्नु परेको खानेपानी समस्याबारे अध्ययन गर्न खानेपानी तथा ढल व्यवस्थापन कार्यालय जनकपुरधामबाट प्राविधिक टोली सोमबार हरिपुर पुगेको हो।

हरिपुरका करिब २०० परिवार लामो समयदेखि एउटै सबमर्सिबल पम्पको भरमा खानेपानीको जोहो गर्दै आएका छन्। अधिकांश घरका आँगनमा चापाकल भए पनि भूमिगत पानीको सतह घटेपछि चापाकलबाट पानी आउन छाडेको स्थानीयको गुनासो छ। स्थलगत निरीक्षणपछि खानेपानी तथा ढल व्यवस्थापन कार्यालय जनकपुरधामले तत्काल खानेपानीको व्यवस्था गर्ने तयारी थालेको छ।

कार्यालयका प्रमुख मिहिरचन्द्र आचार्यका अनुसार गोलबजार–१२ को खानेपानी समस्याबारे समाचार प्रकाशित भएपछि मन्त्रालय र कार्यालयको ध्यानाकर्षण भएको हो। 'हामी दिउँसो करिब १२ बजे समस्या रहेको स्थलमा पुग्यौं। त्यहाँ खानेपानीको समस्या रहेछ। हामीले स्थलगत निरीक्षण पनि गर्‍यौँ,' प्रमुख

–बाँकी तीन पेजमा

## गोलबजारमा मोटरसाइकलको ठक्करबाट बालकको मृत्यु

सिरहा, ३० भदौ। सिरहाको गोलबजार नगरपालिका–१३, दुर्गापुरस्थित भित्री सडखण्डमा मोटरसाइकलको ठक्करबाट एक बालकको मृत्यु भएको छ। गोलबजारबाट दुर्गापुरतर्फ जाँदै गरेको प्र.२–०१–००१ प ६८५६ नम्बरको मोटरसाइकलले मंगलबार बिहान ८ बजेतिर लक्ष्मी मन्दिरनजिकै ठक्कर दिँदा स्थानीय रामदयाल यादवका छोरा करिब सात वर्षीय आयनस यादवको मृत्यु भएको प्रहरीले जनाएको छ।

सिरहा प्रहरीका अनुसार मोटरसाइकलको ठक्करले गम्भीर घाइते भएका बालकलाई तत्काल उद्धार गरी उपचारका लागि गोलबजारस्थित लाइफलङ हेल्थ केयर लगिएकोमा उपचारको क्रममा मृत्यु भएको हो। बालकको मृत्युपछि मोटरसाइकल गोलबजार प्रहरीमा ल्याएर फरार चालकको खोजी गरिरहेको सिरहा प्रहरीका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक नरेश लिम्बूले जानकारी दिए। बालकलाई ठक्कर दिने मोटरसाइकलचालकको प्रहरीले खोजी गरिरहेको छ।

## मधेशका २७ पालिकामा फेरिए प्रमुख प्रशासकीय अधिकृत, को कहाँ पुगे?

काठमाडौं, ३० भदौ। भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भदौ २९ गतेको निर्णयअनुसार मधेश प्रदेशका २७ स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत फेरिएका छन् भने २२ पालिकाका हाकिम संघीय निकायतर्फ फिर्ता बोलाइएका छन्। फिर्ता हुनेमध्ये १५ जना गृह मन्त्रालयतर्फ मात्रै छन्।

मन्त्रालयले राजपत्राङ्कित तृतीय श्रेणीका ५२ अधिकृतको जिम्मेवारी हेरफेर भएको छ। तीमध्ये ४१ जना हाल विभिन्न पालिकामा प्रमुख प्रशासकीय अधिकृतका रूपमा कार्यरत थिए भने ११ जना शाखा अधिकृत तथा प्रशासकीय अधिकृत हुन्। नयाँ पालिकामा पुग्नेमध्ये १७ प्रमुख प्रशासकीय अधिकृत एक पालिकाबाट अर्को पालिकामा




सारिएका हुन् भने १० जना जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, जिल्ला समन्वय समिति र मन्त्रालयबाट प्रमुख प्रशासकीय अधिकृतकै जिम्मेवारीसहित खटिएका छन्।

सरुवा निजामती सेवा ऐनको दफा १८(१) अन्तर्गत भएको छ भने पालिकामा खटाइएकाको हकमा स्थानीय सरकार सञ्चालन ऐनको दफा ८४(४) अन्तर्गत कामकाज गरिएको विवरणमा उल्लेख छ। भदौ २६ गते मात्रै मन्त्रालयले राजपत्राङ्कित द्वितीय श्रेणीका २६ र तृतीय श्रेणीका ६२ गरी ८८ कर्मचारीको सरुवा गरेको थियो। तीमध्ये ४८ जना प्रमुख प्रशासकीय

–बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## १२ वर्षपछि गाउँब्लकको गाँठो फुकाऔँ

सिरहाको गोलबजार नगरपालिका–२ लालपुरमा करिब १२ वर्षअघि नापी भएको गाउँब्लक जग्गाको साँध–सीमाना छुट्याई दर्ता प्रक्रियाका लागि वडा कार्यालयले सातदिने सूचना जारी गर्नु स्वागतयोग्य पहल हो। राज्यले वर्षौंअघि नापी गरिसकेको जग्गाको स्वामित्व भने सम्बन्धित भोगचलनकर्ताले अझै पाउन नसक्नु आफैंमा राज्य संयन्त्रको ढिलासुस्ती र प्रशासनिक जटिलताको उदाहरण हो।

साविक लालपुर गाविसका २ देखि ८ नम्बर वडामा आर्थिक वर्ष २०७१/७२ मा २७ कित्ताको करिब २० बिघा गाउँब्लक जग्गा नापी भएको थियो। नापी भएर पनि त्यसपछि जग्गाधनी दर्ता प्रक्रिया अघि बढ्न नसक्दा स्थानीय बासिन्दा लामो समयदेखि अन्योलमा छन्। पुस्तौंदेखि भोगचलन गर्दै आएको जग्गाको कानुनी स्वामित्व नहुँदा उनीहरू बैंकिङ कारोबार, बिक्री–वितरण, धितो राख्ने तथा अन्य सम्पत्तिसम्बन्धी अधिकार प्रयोग गर्नसमेत कठिनाइमा पर्ने अवस्था छ।

यस समस्याको एउटा प्रमुख कारण प्रशासनिक प्रक्रिया सर्वसाधारणमैत्री नहुनु हो। गाउँमै रहेको जग्गाधनीलाई निवेदन दिन लहानस्थित नापी कार्यालयसम्म पुग्नुपर्ने, समय र पैसा खर्च गर्नुपर्ने तथा आवश्यक कागजात जुटाउने झन्झटले धेरैलाई प्रक्रियाबाटै टाढा राखेको हुन सक्छ। त्यसैले नापी कार्यालयका कर्मचारीलाई वडामै ल्याएर निवेदन संकलन गर्ने गोलबजार–२ को पहललाई स्थानीय सरकार र सरकारी निकायबीचको प्रभावकारी समन्वयको उदाहरणका रूपमा लिनुपर्छ।

तर सूचना जारी गर्नु मात्र पर्याप्त हुँदैन। सात दिनको समयसीमा कतिपय वास्तविक जग्गाधनीका लागि छोटो हुन सक्छ। गाउँब्लक जग्गाको प्रकृति, पुराना कागजातको अभाव, नागरिकता वा अन्य प्रमाण जुटाउनुपर्ने अवस्था तथा प्रक्रियाबारे जानकारी नहुन सक्ने भएकाले वडा कार्यालयले व्यापक जनचेतना र सहजीकरण आवश्यक छ। विशेषगरी अशिक्षित, ज्येष्ठ नागरिक, महिला, विपन्न तथा लामो समयदेखि बसाइँसराइमा रहेका परिवारलाई लक्षित गरी घरदैलो सूचना र सहयोगको व्यवस्था गरिनुपर्छ।

गाउँब्लक जग्गाको विषय सामान्य जग्गा दर्ताको विषय मात्र होइन। यो नागरिकको सम्पत्तिमाथिको अधिकारसँग प्रत्यक्ष जोडिएको प्रश्न हो। राज्यले नापी गरेर अस्तित्व स्वीकार गरिसकेको जमिनको स्वामित्व हस्तान्तरण गर्न वर्षौं लगाउनु न्यायोचित हुन सक्दैन। गाउँब्लकको अवधारणा नै प्रारम्भिक नापीका क्रममा गाउँ, बस्ती, बजार, घरबासलगायतका रूपमा कायम भएका तर विभिन्न कारणले नियमित कित्तामा दर्ता हुन बाँकी रहेका क्षेत्रसँग सम्बन्धित छ। त्यसैले यस्ता जग्गाका भोगचलनकर्तालाई अनावश्यक प्रशासनिक चक्रमा घुमाइरहनु राज्यको जिम्मेवारीबाट पन्छिनु हो।

यस विषयमा स्थानीय तहले पनि आफ्नो भूमिका स्पष्ट रूपमा निर्वाह गर्नुपर्छ। सम्बन्धित सबै कित्ताको अभिलेख अद्यावधिक गर्ने, वास्तविक भोगचलनकर्ताको विवरण संकलन गर्ने, विवादित र निर्विवाद जग्गा छुट्याउने तथा आवश्यक प्रमाण जुटाउन सहजीकरण गर्ने काम स्थानीय तहबाटै प्रभावकारी रूपमा हुन सक्छ। नापी र मालपोत कार्यालयसँग नियमित समन्वय गरी निवेदन संकलनपछि दर्ता प्रक्रिया कहाँ पुग्यो भन्नेबारे सार्वजनिक जानकारी दिनु पनि उत्तिकै आवश्यक छ।

साथै, गाउँब्लक जग्गा दर्ता प्रक्रियामा कुनै पनि प्रकारको बिचौलिया, आर्थिक चलखेल वा पक्षपातलाई स्थान दिनु हुँदैन। वर्षौंको प्रतीक्षापछि आफ्नो जग्गाको स्वामित्व पाउने आशामा रहेका नागरिकलाई थप आर्थिक भार र मानसिक तनाव दिने अवस्था सिर्जना भए यस पहलको उद्देश्य नै कमजोर हुनेछ। प्रक्रिया पारदर्शी, सरल र कानुनसम्मत हुनुपर्छ।

गोलबजार–२ लालपुरमा सुरु भएको यो पहललाई एउटा वडाको सीमाभित्र मात्र सीमित राखिनु हुँदैन। सिरहा र मधेशका विभिन्न स्थानमा नापी भएर पनि दर्ता हुन बाँकी रहेका गाउँब्लक जग्गाको वास्तविक अवस्था पहिचान गरी राज्यले विशेष अभियान सञ्चालन गर्नुपर्छ। वर्षौंसम्म अलपत्र परेका फाइल र अभिलेख खोजेर नागरिकलाई सम्पत्तिको कानुनी अधिकार दिलाउनु राज्यको प्राथमिक दायित्व हो।

१२ वर्षको प्रतीक्षा आफैंमा धेरै लामो समय हो। अब फेरि सूचना, सिफारिस र प्रक्रियाको नाममा अर्को दशक बित्न दिनु हुँदैन। लालपुरमा सुरु भएको प्रक्रिया समयमै टुंग्याउँदै सम्बन्धित जग्गाधनीलाई कानुनी स्वामित्व प्रदान गर्नुपर्छ। नापी भएको जग्गा कागजमै सीमित होइन, नागरिकको अधिकारमा परिणत हुनुपर्छ।

# १८२ सांसदभन्दा परको राजनीति

**बालेन सरकारको वास्तविक परीक्षा संसद्‌मा बहुमत जोगाउने मात्र होइनन्न आफ्नै राजनीतिक परिवारभित्र विश्वास जोगाउने, व्यक्तिगत लोकप्रियतालाई संस्थागत शक्तिमा रूपान्तरण गर्ने, आलोचनालाई सुधारको माध्यम बनाउने र कुलमान घिसिङ तथा उज्यालो नेपाल पार्टीजस्ता कर्मशील शक्ति र व्यक्तित्वसँग राष्ट्रहितका मुद्दामा परिणाममुखी सहकार्य गर्न सक्ने राजनीतिक क्षमता विकास गर्ने हो।**

**केदार खड्का**

नेपालको राजनीतिमा एउटा पुरानो भ्रम छ—संसदमा ठूलो बहुमत भएपछि सरकार स्वतः बलियो र स्थिर हुन्छ। तर विगतको इतिहासले देखाएको छ, सरकारको वास्तविक शक्ति संसदको अंकगणितमा मात्र निर्भर हुँदैन। पार्टीभित्रको एकता, नेतृत्वबीचको विश्वास, संगठनमाथिको पकड, शासनको परिणाम र जनताको निरन्तर समर्थनले सरकारको वास्तविक आयु र प्रभाव निर्धारण गर्छ। बालेन्द्र शाह 'बालेन' नेतृत्वको वर्तमान सरकारसँग रहेको अभूतपूर्व संसदीय शक्ति महत्वपूर्ण छ। साथै यही शक्तिभित्र आगामी दिनमा कसरी आन्तरिक शक्ति–सन्तुलन विकसित हुन्छ भन्ने प्रश्न पनि त्यतिकै महत्वपूर्ण छ।

राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधिसभामा १८२ सिट जितेको छ—२७५ सदस्यीय सदनमा दुई–तिहाइका लागि आवश्यक १८४ सिटभन्दा केवल दुई सिट कम। यो असाधारण जनादेश हो, जसको पछाडि पुरानो राजनीतिक संरचनाप्रतिको असन्तुष्टि, नयाँ पुस्ताको आकांक्षा र परिवर्तनको तीव्र चाहना छ। तर अब प्रश्न बदलिएको छ—बालेन सरकारसँग कति सांसद छन् भन्नेभन्दा ती सांसद र पार्टीभित्रका विभिन्न शक्ति–केन्द्रहरू कति समयसम्म एउटै राजनीतिक दिशामा रहन्छन् भन्ने प्रश्न बढी महत्वपूर्ण हुँदै गएको छ।

**बहुमत ठूलो छ, तर स्थायित्वको परीक्षा अझ ठूलो**

नेपालको राजनीतिक इतिहासले ठूलो बहुमत र दीर्घकालीन स्थायित्वबीच स्वाभाविक सम्बन्ध रहेको प्रमाण दिँदैन। २०१५ सालपछि नेपाली कांग्रेसले स्पष्ट बहुमतसहित सरकार बनायो, तर राजनीतिक तथा संस्थागत संघर्षका कारण त्यो सरकार लामो समय टिक्न सकेन। २०४६ सालपछिको बहुदलीय कालमा पनि स्पष्ट बहुमत प्राप्त सरकारहरू आन्तरिक विवाद र नेतृत्व संघर्षबाट मुक्त रहेनन्।

२०७४ सालपछि एमाले–माओवादी गठबन्धनले झण्डै दुई–तिहाइ शक्ति हासिल गर्‍यो। दुई दल एकीकृत भएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनेपछि संसदमा अभूतपूर्व शक्ति केन्द्रित भयो। तर पार्टीभित्रको शक्तिसंघर्ष, नेतृत्व विवाद र संस्थागत असहमतिको परिणामस्वरूप त्यो शक्तिशाली सरकार संकटमा पुग्यो। प्रतिनिधिसभा विघटनसम्बन्धी विवाददेखि नेकपा एकीकरणसम्बन्धी सर्वोच्च अदालतका फैसलासम्मका घटनाले गम्भीर पाठ सिकाएको छ। सरकारको बाहिरी बहुमतभन्दा पार्टीभित्रको आन्तरिक एकता कतिपय अवस्थामा धेरै निर्णायक हुन्छ भन्ने कुरा पनि हेक्का राख्नुपर्दछ।

बालेन सरकारको सन्दर्भमा यो प्रश्न अझ संवेदनशील छ, किनकि सरकारको नेतृत्व र पार्टीको औपचारिक नेतृत्व एउटै व्यक्तिमा केन्द्रित छैन। पार्टी सभापति रवि लामिछाने छन् भने सरकारको नेतृत्व बालेन शाहले गरिरहेका छन्। यस्तो शक्ति–विभाजन लोकतन्त्रमा अस्वाभाविक होइन। तर दीर्घकालीन स्थायित्वका लागि पार्टी सभापति र प्रधानमन्त्रीबीच विश्वास, भूमिका र प्रभावको सीमारेखा स्पष्ट हुन आवश्यक हुन्छ। अन्यथा एउटै राजनीतिक शक्तिभित्र दुई फरक शक्ति–केन्द्र विकसित हुन सक्छन्।

रवि लामिछानेको पछिल्लो समय संसदमा देखिएको सक्रियता र सरकारका कामकारबाहीमाथिको टिप्पणीलाई पनि यही व्यापक सन्दर्भमा हेर्नुपर्छ। यसलाई तत्कालै सरकार ढाल्ने षड्यन्त्रका रूपमा निष्कर्ष निकाल्नु तथ्यपरक हुँदैन। लोकतन्त्रमा पार्टी सभापति वा सांसदले सरकारका काममाथि प्रश्न उठाउनु स्वाभाविक हो। तर राजनीतिक दृष्टिले यस्ता अभिव्यक्तिले पार्टी, संगठन र सरकारबीचको सम्बन्ध तथा भविष्यको शक्ति–सन्तुलनबारे प्रश्न भने उठाउँछन्। विशेषतः पार्टी सभापति र प्रधानमन्त्री फरक व्यक्ति रहेको अवस्थामा सरकार सफल भए त्यसको राजनीतिक श्रेय कसरी बाँडिन्छ र सरकार कमजोर भए त्यसको जिम्मेवारी कसले लिन्छ भन्ने प्रश्न क्रमशः महत्वपूर्ण बन्न सक्छ।

**इतिहासको पाठः आन्तरिक शक्ति–सन्तुलन**

२०७४ पछिको ओली सरकार यसको नजिकको उदाहरण हो। जनताले स्थायित्वको आशामा वाम गठबन्धनलाई असाधारण जनादेश दिए। नेकपाले संसदमा अत्यन्त शक्तिशाली उपस्थिति बनायो। तर संसदीय शक्तिलाई पार्टीभित्रको सुदृढ शक्ति–सन्तुलनमा रूपान्तरण गर्न नसक्दा नेतृत्व, सरकार सञ्चालन र पार्टीभित्रको प्रभावलाई लिएर बढेको विवाद राष्ट्रिय राजनीतिक संकटमा परिणत भयो।

यस घटनाले एउटा गम्भीर सत्य देखायो—कुनै सरकारको सबैभन्दा ठूलो चुनौती संसदमा बस्ने विपक्षी मात्र हुँदैनन्न कहिलेकाहीं आफ्नै पार्टी परिवारभित्रको असन्तुष्टि अझ शक्तिशाली चुनौती बन्न सक्छ। आज बालेन सरकारसँग १८२ सांसद छन्। तर ती सांसद एउटै राजनीतिक उद्देश्य, अनुशासन र नेतृत्वप्रतिको विश्वासमा कति मजबुत रूपमा बाँधिएका छन् भन्ने कुरा आगामी दिनमा अझ महत्वपूर्ण हुनेछ।

भारतको भारतीय जनता पार्टी ( भाजपा) र नरेन्द्र मोदीको अनुभव यहाँ तुलनात्मक रूपमा उपयोगी हुनसक्छ। मोदी नेतृत्वको भाजपाले सन् २०१४ र २०१९ मा स्पष्ट बहुमत प्राप्त गर्‍यो। २०२४ मा भाजपा एक्लैले बहुमत गुमाए पनि राष्ट्रिय जनतान्त्रिक गठबन्धन (एनडीए) मार्फत मोदीले तेस्रो कार्यकाल निरन्तरता दिए।

यस अनुभवको महत्वपूर्ण पाठ भाजपाको विचारधारा होइन, चुनावी बहुमतलाई संस्थागत राजनीतिक शक्तिमा रूपान्तरण गर्ने क्षमता हो। संगठन, सदस्यता, स्थानीय संरचना, बूथस्तरीय परिचालन, डिजिटल सञ्चार, राजनीतिक प्रशिक्षण, नेतृत्व विकास र निरन्तर जनसम्पर्कले व्यक्तिगत लोकप्रियतालाई दिगो राजनीतिक शक्तिमा बदल्न सक्छ। चुनाव जित्ने क्षमता र देशव्यापी राजनीतिक संगठन सञ्चालन गर्ने क्षमता एउटै कुरा होइन।

रास्वपाका लागि यही ठूलो चुनौती हो। २०७९ को निर्वाचनबाट २० सिटसहित संसदमा प्रवेश गरेको शक्ति चार वर्षमै १८२ सिटमा पुगेको छ। यो राजनीतिक विस्तार असाधारण छ, तर संगठनात्मक संस्थागतकरणका लागि चार वर्ष लामो समय होइन। अबको चुनौती चुनावी जनादेशलाई संस्थागत शक्ति, दिगो राजनीतिक संस्कृति र परिणाममुखी शासनमा रूपान्तरण गर्नु हो।

**लोकप्रियताबाट संस्थागत शक्तितर्फ**

बालेनको राजनीतिक पूँजी परम्परागत पार्टी संगठनबाट मात्र बनेको होइन। भ्रष्टाचारप्रतिको असन्तुष्टि, पुरानो राजनीतिक संस्कृतिप्रतिको वितृष्णा, परिणाममुखी नेतृत्वको चाहना र नयाँ पुस्ताको आकांक्षाले उनको राजनीतिक शक्ति निर्माण गरेको हो। त्यसैले उनीप्रतिको जनअपेक्षा पनि सामान्य प्रधानमन्त्रीप्रतिको अपेक्षाभन्दा ठूलो छ। जनताले उनीसँग केवल सरकार चलाउने होइन, राज्य सञ्चालनको शैली नै बदल्ने अपेक्षा गरेका छन्।

यही कारणले बालेनले व्यक्तिगत लोकप्रियतालाई संस्थागत राजनीतिक शक्तिमा रूपान्तरण गर्न ढिलो गर्नु हुँदैन। सरकारलाई सफल बनाउन विज्ञ, प्राविधिक, स्थानीय सरकार, नागरिक समाज, निजी क्षेत्र तथा परिणाममुखी अन्य राजनीतिक शक्तिसँग कार्यगत सहकार्य विस्तार गर्न आवश्यक छ। फरक राजनीतिक शक्तिसँग राष्ट्रहितका मुद्दामा सहकार्य गर्नु कमजोरी होइनन्न आधुनिक लोकतान्त्रिक नेतृत्वको शक्ति हो।

यसै सन्दर्भमा उज्यालो नेपाल पार्टी र कुलमान घिसिङसँगको सम्भावित कार्यगत सम्बन्धलाई नयाँ कोणबाट हेर्न सकिन्छ। यसलाई तत्कालीन सत्ता साझेदारी वा राजनीतिक गठबन्धनका रूपमा बुझ्नु आवश्यक छैन। बरु सुशासन, समृद्धि, सामाजिक न्याय, ऊर्जा, पूर्वाधार, सार्वजनिक सेवा सुधार, विपद् व्यवस्थापन र आर्थिक रूपान्तरणजस्ता राष्ट्रिय मुद्दामा परिणाममुखी सहकार्यका रूपमा हेर्न सकिन्छ।

कुलमान घिसिङको सार्वजनिक पहिचान कार्यसम्पादन र परिणामसँग जोडिएको छ। यदि भविष्यमा उज्यालो नेपाल पार्टीजस्तो सुशासन, समृद्धि र सामाजिक न्याय केन्द्रित शक्ति बलियो हुँदै गयो भने त्यस्ता कर्मशील व्यक्तित्व र परिणाममुखी शक्तिसँग सहकार्य गर्नु बालेनका लागि राजनीतिक जोखिमभन्दा बढी संस्थागत शक्ति निर्माणको अवसर हुन सक्छ। यो कुनै पूर्वनिर्धारित राजनीतिक समीकरणको घोषणा होइनन्न बदलिँदो शक्ति–सन्तुलनमा सम्भावित सहकार्यको एउटा राजनीतिक विश्लेषण मात्र हो।

**सरकार टिकाउने कि नयाँ राजनीतिक संस्कृति बनाउने ?**

रवि लामिछाने र बालेनबीच प्रतिस्पर्धा अपरिहार्य छ भन्ने होइन। बरु दुवै नेताले आफ्नो भूमिका स्पष्ट रूपमा बुझ्नुपर्छ। रवि पार्टी सभापतिका रूपमा संगठन र राजनीतिक दिशाको जिम्मेवारीमा छन् भने बालेन प्रधानमन्त्रीका रूपमा सरकारको कार्यसम्पादन र राज्य सञ्चालनको जिम्मेवारीमा छन्। सरकार सफल हुँदा त्यसको श्रेय पार्टी र नेतृत्वको साझा राजनीतिक अभियानलाई जान्छन्न असफलताको राजनीतिक असर पनि एउटै व्यक्तिमा सीमित रहँदैन। त्यसैले दीर्घकालीन रूपमा सहकार्य दुवैका लागि लाभदायक हुन्छ।

बालेन सरकारमाथि विपद् व्यवस्थापन र पुनर्निर्माणको अर्को ठूलो परीक्षा पनि थपिएको छ। हालैका बाढी तथा पहिरोले राज्यको उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माण क्षमताको परीक्षा लिएको छ। तर यस्ता संकट जोखिम मात्र होइनन्न राज्यको क्षमता पुनर्निर्माण गर्ने अवसर पनि हुन्। यदि सरकारले राहतलाई पुनर्निर्माणसँग, पुनर्निर्माणलाई जोखिम न्यूनीकरणसँग र जोखिम न्यूनीकरणलाई दीर्घकालीन विकास रणनीतिसँग जोड्न सक्यो भने यही संकट उसको शासनको ऐतिहासिक पानीढलो बन्न सक्छ।

आगामी दुई–तीन वर्ष बालेन सरकारका लागि निर्णायक हुनेछन्। परिवर्तनको उत्साहले सुरुवातमा ऊर्जा दिन सक्छ, तर त्यसपछि परिणाम देखिनुपर्छ। जनताले सेवा प्रवाहमा सुधार, भ्रष्टाचारमा नियन्त्रण, पूर्वाधार निर्माणमा गति, प्रभावकारी विपद् व्यवस्थापन र आर्थिक अवसर विस्तार भएको अनुभूति गर्नुपर्छ। अन्यथा चुनावमा प्राप्त असाधारण जनादेश क्रमशः असन्तुष्टिको स्रोतमा बदलिन सक्छ।

**अन्तिम प्रश्नः १८२ सांसदभन्दा परको राजनीति**

**–बाँकी तीन पेजमा**

## १८२ सांसदभन्दा ...

नेपालले विगतमा धेरैपटक बहुमत पाएको छ, तर स्थायित्व पाउन सकेको छैन। समस्या केवल विपक्षी दल थिएनन्र धेरैपटक पार्टीभित्रको शक्ति–संघर्ष, नेतृत्वबीचको अविश्वास, संस्थागत कमजोरी र जनताको बढ्दो असन्तुष्टि निर्णायक बने। त्यसैले बालेन सरकारको स्थायित्वलाई केवल 'सरकार ढल्छ कि ढल्दैन ?' भन्ने प्रश्नबाट हेर्नु अपर्याप्त हुन्छ। वास्तविक प्रश्न हो—यस सरकारले आफ्नो असाधारण चुनावी जनादेशलाई कति छिटो संस्थागत, परिणाममुखी र दीर्घकालीन राजनीतिक शक्तिमा रूपान्तरण गर्न सक्छ ?

रविका लागि मूल प्रश्न पार्टी सभापतिको भूमिकालाई सरकारको सफलतासँग कसरी जोड्ने र त्यससँगै स्वस्थ शक्ति सन्तुलन कसरी कायम गर्ने भन्ने हो। त्यस्तै, बालेनका लागि प्रश्न व्यक्तिगत लोकप्रियतालाई संस्थागत क्षमता, बलियो संगठन र व्यापक राष्ट्रिय सहकार्यमा कसरी रूपान्तरण गर्ने भन्ने हो। अन्ततः बहुमतले सरकार बनाउँछ, तर त्यसलाई टिकाउने आधार संगठन हो। सुशासनले जनताको विश्वास निर्माण गर्छ, परिणामले त्यो विश्वासलाई जनसमर्थनमा बदल्छ र व्यापक राष्ट्रिय सहकार्यले राजनीतिक स्थायित्वलाई बलियो बनाउँछ।

आज बालेन सरकारसँग लगभग दुई–तिहाइ बराबरको संसदीय शक्ति छ। तर भोलिको इतिहासले सांसदको संख्या मात्र गन्ने छैन। इतिहासले सोध्नेछ—त्यो असाधारण जनादेशले नेपाललाई कति असाधारण रूपमा बदल्यो ?

अन्ततः बालेन सरकारको वास्तविक परीक्षा संसद्मा बहुमत जोगाउने मात्र होइनन्र आफ्नै राजनीतिक परिवारभित्र विश्वास जोगाउने, व्यक्तिगत लोकप्रियतालाई संस्थागत शक्तिमा रूपान्तरण गर्ने, आलोचनालाई सुधारको माध्यम बनाउने र कुलमान घिसिङ तथा उज्यालो नेपाल पार्टीजस्ता कर्मशील शक्ति र व्यक्तित्वसँग राष्ट्रहितका मुद्दामा परिणाममुखी सहकार्य गर्न सक्ने राजनीतिक क्षमता विकास गर्ने हो। यदि यो गर्न सकियो भने बालेन सरकार केवल अर्को पाँचवर्षे सरकार बन्ने छैनन्र यो नेपालको पुरानो अस्थिर राजनीतिक संस्कृतिबाट नयाँ, संस्थागत र परिणाममुखी राजनीतिक संस्कृतितर्फको संक्रमणको पानीढलो बन्न सक्छ। यदि सकिएन भने इतिहासले फेरि एउटा पुरानो कथा नयाँ पात्रसहित लेख्न सक्छ।

(लेखक उज्यालो नेपाल पार्टीका केन्द्रीय सचिव हुन्) अनलाइन खबरबाट

## बेतौना–हरिपुर ...

आचार्यले भने। उनका अनुसार कार्यालयले बेतौना–हरिपुरमा चार इन्चको करिब १२० मिटर गहिरो बोरिङसहित ओभरहेड ट्यांकी निर्माण गर्ने तयारी गरेको छ। त्यससँगै स्थानीयलाई सहज रूपमा खानेपानी उपलब्ध गराउन करिब ५ देखि १० वटा धारासमेत निर्माण गरिने उनले बताए।

'आवश्यकता हेरेर दोस्रो वा तेस्रो बोरिङसमेत गर्न सकिन्छ,'आचार्यले भने। बोरिङ जडानका लागि आवश्यक जग्गा उपलब्ध हुनासाथ काम सुरु गरिने कार्यालयले जनाएको छ। उनका अनुसार मंगलबार बिहान वडा कार्यालयले स्थानीय जनप्रतिनिधि तथा सरोकारवालासहित बैठक राखेको छ। 'वडा कार्यालयले बोरिङ जडानका लागि जग्गा उपलब्ध गराउनेबित्तिकै मन्त्रालयको निर्देशनअनुसार काम सुरु गर्छौं,' आचार्यले बताए।

## मधेशका २७...

अधिकृत थिए। तीन दिनको फरकमा आएको यो दोस्रो निर्णय हो।

धनुषामा औरही गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा जिल्ला प्रशासन कार्यालय महोत्तरीका प्रशासकीय अधिकृत कामेश्वर यादव, धनौजी गाउँपालिकामा श्रम तथा रोजगार कार्यालय जनकपुरका शाखा अधिकृत रंजित कुमार यादव र वटेश्वर गाउँपालिकामा इलाका प्रशासन कार्यालय बर्दिवास (महोत्तरी) का शाखा अधिकृत माधव राज न्यौपाने खटिएका छन्।

पर्सामा जगरनाथपुर गाउँपालिकामा विश्रामपुर गाउँपालिका (बारा) का प्रमुख प्रशासकीय अधिकृत सुनिल प्रसाद केशरी, भिराभवानीमा धोबिनी गाउँपालिका (पर्सा) का कृष्ण प्रसाद खतिवडा, धोबिनीमा सखुवा पसौनी गाउँपालिकाका सजिव कुमार यादव, पकाहामैनपुरमा जिल्ला समन्वय समिति पर्साका शाखा अधिकृत सुमित कुमार सिंह, पटेर्वामा ईशनाथ नगरपालिका (रौतहट) का मोहम्मद नवाज हुसेन, सखुवा पसौनीमा चक्रघट्टा गाउँपालिका (सर्लाही) का रामबाबु प्रसाद कुशवाहा र छिपरमाईमा जिल्ला प्रशासन कार्यालय धनुषाका प्रशासकीय अधिकृत सर्वजीत कुमार झा पुगेका छन्।

बारामा करैयामाई गाउँपालिकामा भंगाहा नगरपालिका (महोत्तरी) का रमेश अधिकारी, विश्रामपुरमा जगरनाथपुर गाउँपालिका (पर्सा) का सन्देश कुमार यादव, देवतालमा बौदीमाई नगरपालिका (रौतहट) का उदय शंकर चौधरी, परवानीपुरमा देवताल गाउँपालिका (बारा) का कृष्ण नन्दन राय, पसौनीमा देवाही गोनाही नगरपालिका (रौतहट) का पवन कुमार केशरी र फेटामा नेपाल न्याय सेवाका मुन्ना साह रौनियार (यसअघि परवानीपुर गाउँपालिका, बारा) खटिएका छन्।

महोत्तरीमा महोत्तरी गाउँपालिकामा विष्णु गाउँपालिका (सर्लाही) का प्रमोद कुमार ठाकुर, सम्सी गाउँपालिकामा मालपोत कार्यालय गरुडा (रौतहट) का मालपोत अधिकृत मोहन कुमार पाठक र एकडारा गाउँपालिकामा बलवा नगरपालिका (महोत्तरी) का उमेश महतो पुगेका छन्। सर्लाहीमा पर्सा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा छिपरमाई गाउँपालिका (पर्सा) का सजिव साह र चक्रघट्टा गाउँपालिकामा गृह मन्त्रालयका शाखा अधिकृत विनय कुमार गुप्ता खटिएका छन्।

सप्तरीमा छिन्नमस्ता गाउँपालिकामा मन्त्रालयका शाखा अधिकृत मुकेश कुमार चौरसिया, तिरहुत गाउँपालिकामा विष्णुपुर गाउँपालिका (सप्तरी) का उज्जवल आनन्द, महादेवा गाउँपालिकामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय जनकपुरका शाखा अधिकृत विनोद कुमार मण्डल र अग्नीसाइर कृष्णासवरन गाउँपालिकामा तिलाठी कोइलाडी गाउँपालिका (सप्तरी) का सरोज कुमार कर्ण पुगेका छन्।

सिरहामा भगवानपुर गाउँपालिकामा भूमिसुधार तथा मालपोत कार्यालय गौर (रौतहट) का शाखा अधिकृत रंजय पटेल र नवराजपुर गाउँपालिकामा फेटा गाउँपालिका (बारा) का राकेश ओझा खटिएका छन्। संघीय निकायतर्फ फिर्ता बोलाइएकामध्ये १५ जना गृह मन्त्रालय, काठमाडौं वा मातहतका निकायमा छन्। ती हुन्– औरही गाउँपालिका (धनुषा) का उमेश कुमार यादव, पर्सा गाउँपालिका (सर्लाही) का मदन बहादुर थिङ, भिराभवानी (पर्सा) का अमित कुमार गिरी, पकाहामैनपुर (पर्सा) का देव नाथ साह, पटेर्वा (पर्सा) का प्राण मेहता, पसौनी (बारा) का नविन कुमार श्रीवास्तव, एकडारा (महोत्तरी) का रामजी जोशी, पिपरा (महोत्तरी) का सन्तोष कुमार मिश्र, राजगढ (सप्तरी) का सरोज कुमार झा, हनुमाननगर कङ्कालिनी नगरपालिका (सप्तरी) का रमेश प्रसाद यादव, छिन्नमस्ता (सप्तरी) का केशव कुमार झा, रुपनी (सप्तरी) का हरिमोहन सुतिहार, जनक नन्दिनी (धनुषा) का सन्तोष कुमार शर्मा, भगवानपुर (सिरहा) का प्रमोद कुमार साह र नवराजपुर (सिरहा) का सरोज कुमार सिंह।

सूचना तथा सञ्चार मन्त्रालयमा सम्सी (महोत्तरी) का रणजित कुमार यादव, तिरहुत (सप्तरी) का ललन कुमार यादव र महादेवा (सप्तरी) का राज किशोर साह सरुवा भएका छन्। त्यसैगरी भूमि व्यवस्थापन तथा अभिलेख विभाग, काठमाडौंमा धनौजी (धनुषा) का राज कुमार दास र करैयामाई (बारा) का नागेन्द्र यादव पुगेका छन् भने अग्नीसाइर कृष्णासवरन (सप्तरी) का धिरेन्द्र कुमार यादव राष्ट्रिय किताबखाना ललितपुरमा र मिथिला नगरपालिका (धनुषा) का हरि शंकर यादव युवा, श्रम तथा रोजगार मन्त्रालयमा खटिएका छन्।

सोमबारकै अर्को निर्णयमा मन्त्रालयले राजपत्राङ्कित द्वितीय श्रेणीका नौ जना उपसचिवको सरुवा गरेको छ तीमध्ये पाँच जना विभिन्न नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रूपमा कार्यरत थिए। चार जनालाई अर्को पालिकामा सारिएको छ र एक

# सप्तरीबाट समातिए युवक, भारत लगेर अनुसन्धान



काठमाडौं, ३० भदौ। सप्तरीको बलान बिहुल गाउँपालिका–४ बेल्हीबाट घरमा सुतिरहेका एक युवकलाई सोमबार राति एक समूहले पक्राउ गर्‍यो। बेल्हीका २४ वर्षीय अभिनन्दन यादव राति १२ बजेतिर घरैबाट उठाएर लगेपछि ठूलै हल्ला मच्चियो। अभिनन्दनका परिवारले बताए अनुसार, नचिनेका हतियारधारी समूहले उनलाई मध्यराति लगेका थिए। अभिनन्दनका बाबु विनोदका अनुसार, उनलाई पक्राउ गर्ने बेला घरका केही सदस्य सामान्य घाइते समेत भएका छन्। घटनाबारे नेपाल प्रहरीलाई जानकारी गराए पनि खासै चासो नदेखाएको आरोप परिवारको छ।

मध्यराति घरबाटै बेपत्ता पारिएको भन्ने आरोप लागेपछि यसबारे जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख तथा एसपी रूपक खड्कासँग संचारकर्मीले जिज्ञासा राखेको छ। एसपी खड्काले बताए अनुसार उनी भारतीय प्रहरीको नियन्त्रणमा छन्। भारतीय प्रहरीका अनुसार, उनी गुडगाउँ स्टेशनमा भएको एउटा व्यक्ति हत्या घटनामा जोडिएका व्यक्ति हुन्। त्यही घटनाको अनुसन्धानका लागि उनलाई पक्राउ गरेर भारत पुर्‍याइएको स्रोतका भनाइ छ। अभिनन्दनसँग भारतीय आधारकार्डसमेत रहेको दाबी भारतीय पक्षले गरेको छ। स्थानीयले अहिले बेल्ही प्रहरी चौकी अगाडि प्रदर्शन गरिरहेका छन्।

# हंसपुरका ३६५ परिवारलाई जग्गाधनी पुर्जा वितरण

जनकपुरधाम, ३० भदौ। वर्षौंदेखि जग्गा उपभोग गर्दै आएपनि कानुनी स्वामित्वको प्रमाणपुर्जा पाउन नसकेका धनुषाको हंसपुर नगरपालिका–५, साविक सुगा निकास गाविस–३ का ३६५ परिवारलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको छ। नापी कार्यालय धनुषाका अनुसार विसं २०७२ मा उक्त क्षेत्रको नाप नक्सा भए पनि जग्गाधनी प्रमाणपुर्जा वितरण हुन सकेको हंसपुर नगरपालिका–५ का ३६५ परिवारलाई आज जग्गाधनी पुर्जा वितरण गरिएको हो।

नाप नक्सा सम्पन्न भएपनि विभिन्न कारणले दर्ता प्रक्रिया पूरा हुन नसकेका स्ववासी तथा गाउँ ब्लक क्षेत्रका जग्गाको समस्या समाधान गर्दै लालपुर्जा वितरण गरिएको नापी कार्यालय धनुषाका प्रमुख उमेशकुमारले बताए। उनका अनुसार स्ववासी जग्गा दर्ता गरी जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएपछि वर्षौंदेखि जग्गाको स्वामित्व स्थापित गर्न नसकेका परिवारले कानुनी रूपमा आफ्नो सम्पत्तिको मालिक बन्ने आधार पाएका छन्।

"पुर्जा प्राप्त भएपछि जग्गा बैंक तथा वित्तीय संस्थामा धितो राखेर ऋण लिन सहज हुन्छ", प्रमुख उमेशकुमारले भने, "जग्गाको बिक्री–वितरण गर्न सकिने भएकाले आर्थिक गतिविधि बढ्नुका साथै राज्यले राजस्वसमेत प्राप्त गर्न सक्छ।"

धनुषामा सञ्चालन भइरहेको जग्गाधनी पुर्जा वितरण अभियानअन्तर्गत क्षीरेश्वरनाथ नगरपालिका–१ र २ तथा साविक रमदैया भवाडी गाविस–३ का ३७५ परिवारलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गर्ने तयारी गरिएको प्रमुख उमेशकुमारले बताए। नापी नक्सा सम्पन्न भइसकेका तर दर्ता प्रक्रिया बाँकी रहेका धनुषाका अन्य गाउँ ब्लक तथा स्ववासी प्रकृतिका जग्गाको विवरणसमेत कार्यालयले अध्ययन गरिरहेको उनको भनाइ छ।

# बालिका अपहरणको आरोपमा पूर्वशिक्षक पक्राउ

महोत्तरी, ३० भदौ। विद्यालयबाट घर फर्किँदै गरेकी ९ वर्षीया बालिकालाई ललाइफकाई गरी आफूसँगै लैजान खोजेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा महोत्तरी गाउँपालिका–१ पर्साका ३६ वर्षीय मनिष ठाकुर छन्। जिल्ला प्रहरी कार्यालय धनुषाको क्राइम टोलीले उनलाई महोत्तरीस्थित उनकै घरबाट पक्राउ गरेको हो।

प्रहरीका अनुसार १८ भदौमा रामानन्द चोकस्थित एन्जल बोर्डिङ स्कुलबाट छुट्टी भएपछि बाहिर निस्किएकी बालिकालाई ठाकुरले ललाइफकाई गरी आफूसँगै लैजाने प्रयास गरेका थिए। घटनाबारे जानकारी पाएपछि प्रहरीले विद्यालय तथा आसपासमा जडान गरिएका सीसीटीभी क्यामेराको फुटेज संकलन गरी अनुसन्धान अघि बढाएको थियो। फुटेजको अध्ययनका क्रममा शंकास्पद व्यक्तिको पहिचान खुलेपछि प्रहरीले उनको खोजी थालेको थियो।

धनुषाका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता ओमप्रकाश खनालका अनुसार अनुसन्धानका क्रममा ठाकुरको पहिचान खुलेपछि उनलाई महोत्तरीस्थित घरबाट नियन्त्रणमा लिइएको हो। प्रहरीका अनुसार बालिका परिवारसँगै जनकपुरधाममा डेरा गरी बस्दै आएकी छन्। उनको स्थायी घर सिरहा रहेको जनाइएको छ।

पक्राउ परेका ठाकुर पूर्वशिक्षक रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। ठाकुरलाई हिरासतमा राखेर घटनाको थप अनुसन्धान भइरहेको डीएसपी खनालले बताए।

# सप्तरीमा चट्याङ लागेर महिला घाइते

राजविराज, ३० भदौ। सप्तरीको कञ्चनरुप नगरपालिका–११, भुवनपट्टीमा चट्याङ लागेर ४५ वर्षीया दुखनीदेवी विश्वकर्मा घाइते हुनुभएको छ। मंगलबार बिहान भीषण वर्षासँगै परेको चट्याङले घरअगाडिको सडकमा बसिरहनुभएकी विश्वकर्मालाई घाइते बनाएको हो। चट्याङ लागेर ढाडमुनिको भागमा चोट लागेपछि स्थानीयवासीले तत्काल उद्धार गरी उपचारका लागि कञ्चनरुप नगरपालिका–१२ स्थित धर्मेश्वर अस्पताल पुर्‍याउनु भएको थियो।

अस्पतालमा उपचाररत विश्वकर्माको अवस्था सामान्य रहेको चिकित्सकले जनाएको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिनुभयो। उहाँका अनुसार चट्याङका कारण विश्वकर्मा घाइते हुनुभएको हो। विश्वकर्माको ढाडमुनिको भागमा चट्याङको असर परेको र हाल अवस्था सामान्य रहेको उहाँले बताउनुभयो। मङ्गलबार बिहानैदेखि सप्तरीमा वर्षासँगै पटक–पटक चट्याङ परेपछि स्थानीयवासी त्रसित भएका छन्। वर्षा र चट्याङ परेको समयमा खुला स्थानमा नबस्न तथा सुरक्षित स्थानमा रहन स्थानीय प्रशासनले आग्रह गरेको छ।

# हुलाकी सडकको पीडा : चार किलोमिटरका लागि चार पटक ठेक्का



बारा, ३० भदौ। हुलाकी सडक अन्तर्गत बाराको कलैया बजार क्षेत्रमा पर्ने करिब चार किलोमिटर सडक निर्माण सुरु भएको १६ वर्ष भयो तर निर्माण प्रक्रियामै अल्भिmएको छ। पूर्व–पश्चिम महेन्द्र राजमार्गको मानमतदेखि भारतसँगको सीमा जोडिएको मटिअर्वासम्मको यो सडक निर्माणका लागि पटक पटक ठेक्का लागे पनि काम पूरा हुन नसकेपछि अहिले चौथो पटक ठेक्का आह्वान गर्ने प्रक्रिया अघि बढाइएको हो।

मानमत–कलैया–मटिअर्वा हुलाकी सडकखण्ड करिब २७ किलोमिटर लामो छ। यसका अधिकांश भागमा दुई लेनको कालोपत्रे सडक निर्माण भइसके पनि कलैया बजार क्षेत्रको करिब चार किलोमिटर सडक अझै अधुरो छ। हुलाकी सडक आयोजना कार्यालय वीरगन्जका अनुसार अधुरो खण्डमध्ये कलैयाको संस्कार एफएमदेखि दुर्गा स्कुल अगाडिसम्मको सडकलाई चार लेनमा विस्तार गर्ने तयारी छ। आयोजनाले अधुरो सडक निर्माणका लागि नयाँ लागत अनुमानसमेत तयार गरेको छ।

आयोजनाका इन्जिनियरहरूका अनुसार करिब चार किलोमिटर सडक चार लेनमा निर्माण गर्न ५० करोड रुपियाँभन्दा बढीको लागत अनुमान गरिएको छ। नयाँ बोलपत्रबाट निर्माण सम्झौता भने करिब ३५ देखि ४० करोड रुपियाँको हाराहारीमा हुन सक्ने अनुमान आयोजनाको छ। हुलाकी सडक आयोजना कार्यालय वीरगन्जका प्रमुख अरुणकुमार कर्णका अनुसार यसअघि सम्झौता गरिएको ओम साई एन्ड कम्पनी–सप्तकोशी जलाधार जेभीसँगको ठेक्का सम्झौता तोडेर नयाँ ठेक्का प्रक्रिया अघि बढाइएको हो। अधुरो सडक निर्माणका लागि उक्त कम्पनीले करिब २३ करोड रुपियाँमा ठेक्का पाएको थियो।

**तीन वटा ठेक्का असफल**

हुलाकी सडक निर्माणको काम सुरु भएको १६ वर्षमा कलैया क्षेत्रका अधुरा सडकका लागि पटक पटक ठेक्का लगाइएको छ। सुरुमा भारतीय अनुदान अन्तर्गत भारतीय निर्माण कम्पनी भिस्वा कन्स्ट्रक्सनसँग सम्झौता भएको थियो। २०६७ चैत १२ गते हुलाकी राजमार्ग निर्देशनालयसँग सम्झौता गरेको भिस्वा कन्स्ट्रक्सनले २६ महिनाभित्र सडक निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको थियो तर सडक क्षेत्रमा रहेका विद्युत्का पोल, खानेपानीका पाइप तथा अन्य भौतिक संरचना हटाउने विषयमा समस्या देखिएपछि निर्माण कम्पनीले काम अधुरै छाडेको आयोजना स्रोतले जनाएको छ।

त्यसपछि दोस्रो पटक काठमाडौँको आशिष–डिएस जेभीसँग सम्झौता गरिएको थियो। २०७३ कात्तिक ३ गते ४८ करोड ५८ लाख रुपियाँमा २७ किलोमिटर सडक ३० महिनाभित्र निर्माण सम्पन्न गर्ने ठेक्का सम्झौता भएको थियो। सम्झौता भएपछि तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री रमेश लेखकले २०७३ पुसमा मटिअर्वामा सडकको शिलान्यास पनि गर्नुभएको थियो। आयोजनाका अनुसार सडक सीमाभित्र पर्ने संरचना हटाउने, विद्युत्का पोल तथा खानेपानीका पाइप सार्ने र जग्गा अधिग्रहणसम्बन्धी विवादका कारण निर्माण प्रभावित भएको थियो। दोस्रो ठेकेदारले पनि कलैया बजार क्षेत्रको सडक अधुरै छाडेपछि बाँकी खण्डका लागि तेस्रो पटक ठेक्का लगाइएको थियो। तेस्रो पटक ओम साई एन्ड कम्पनी–सप्तकोशी जलाधार जेभीले करिब २३ करोड रुपियाँमा अधुरो सडक निर्माणको जिम्मा पाएको थियो। २०७८ पुस २७ गते भएको सम्झौता अनुसार २०७९ माघ१ गतेभित्र काम सम्पन्न गर्ने लक्ष्य थियो। निर्माण सम्पन्न नभएपछि पहिलो पटक २०८१ फागुन २९ गतेसम्म म्याद थप गरिएको थियो। थपिएको समयभित्र पनि काम पूरा नभएपछि सम्झौता तोडिएको आयोजना प्रमुख कर्णले बताउनुभयो। यसरी पटक पटक म्याद थप गर्दा पनि निर्माण पूरा नभएपछि सम्झौता तोडेर नयाँ ठेक्का प्रक्रियामा जानु परेको उहाँले बताउनुभयो।

**मुआब्जा र संरचना हटाउने विषयमा विवाद**

कलैया बजार क्षेत्रमा हुलाकी सडक निर्माण सुरु भएदेखि नै सडक सीमाभित्र पर्ने जग्गा तथा भौतिक संरचनाको विषय विवादित रहँदै आएको छ। सुरुमा सडकको मुख्य भागबाट दायाँबायाँ १५–१५ मिटर क्षेत्र अधिग्रहण गर्ने प्रक्रिया अघि बढाइएको थियो। स्थानीयले भने १५–१५ मिटरका आधारमा जग्गा अधिग्रहण गर्न नहुने भन्दै विरोध गरे पनि मुआब्जा वितरण प्रक्रिया अघि बढेपछि कतिपय स्थानीयले मुआब्जा रकम बढाउन माग गर्दै संरचना हटाउन अस्वीकार गरेको स्थानीयको भनाइ थियो।

तेस्रो पटक निर्माणको जिम्मा पाएको ओम साई एन्ड कम्पनीका सञ्चालक होमनाथ गौतमले पनि सडक निर्माण क्षेत्रमा विद्युत्का पोल, खानेपानीका पाइप र अन्य संरचना समयमै नहटाउँदा काम प्रभावित भएको दाबी गर्दै आएका छन्। उहाँले उपमहानगर प्रमुख विनोद साहमाथि निर्माणमा असहयोग गरेको आरोप लगाउँदै आएका छन्।

# मधेसका पालिकाहरुमा भ्रष्टाचारले चरम सीमा नाघ्यो : सांसद पन्त

**क्रान्ति शाह**

वीरगन्ज, ३० भदौ। पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य हरि पन्तले जनतासँग सबैभन्दा नजिकको सरकार मानिने स्थानीय तहमा भ्रष्टाचारले चरम सीमा नाघेको बताएका छन्। मंगलबार प्रतिनिधि सभाको बैठकमा बोल्दै रास्वपा सांसद पन्तले मधेस प्रदेशका स्थानीय तहमा भ्रष्टाचार बढ्दै जाँदा जनताले संघीय सरकारप्रति नै प्रश्न उठाउन थालेको बताए। उनले भने, 'मधेसका स्थानीय तहमा भ्रष्टाचार जसरी र जुन रुपमा बढ्दै गइरहेको छ, त्यो एकदम असामान्य र भयावह छ। जसका कारण आम जनताले संघीय सरकारप्रति नै प्रश्न गर्न थालेका छन्।,' जनप्रतिनिधि र कर्मचारीको भ्रष्टाचार र भागबण्डाले पालिकाहरु ऋणमा डुबेको भन्दै उनले कतिपय पालिकाहरु कर्मचारीहरुको तलब र उपदान समेत भुक्तानी गर्न नसक्ने अवस्थामा पुगेको बताए।

कतिपय पालिकाहरुमा जनप्रतिनिधि र कर्मचारीहरुबिच अघिल्लो आर्थिक बर्षको भागबन्डा नमिल्दा यसवर्षको बजेटसमेत ल्याउन नसकेको तथा कतिपय पालिकामा बजेट पारित भएरपनि खाता सञ्चालन हुन नसकेको अवस्था रहेको उनले सुनाए। स्थानीय तहमा हुने करार तथा ज्यालादारीका कर्मचारी नियुक्ति देखि ठेक्कापट्टा सम्मका सम्पूर्ण काम पार्टी, नाता गोता र व्यक्तिगत सम्बन्धका आधारमा हुँदै आएको र यसका कारण शिक्षा र स्वास्थ्य क्षेत्रसमेत अस्तब्यस्त र आक्रान्त बनेको उनले सुनाए।

अख्तियार दुरुपयोग अनुसन्धान आयोमा पर्ने कुल उजुरीको ५२ प्रतिशत अर्थात आधाभन्दा बढी उजुरी स्थानीय तहको विरुद्धमा मात्रै पर्ने गरेको भन्दै उनले अहिलेको न्यायप्रणाली र शुसासन भद्दा मजाकको बिषय बन्न पुगेको बताए। सुशासनको नारामा बनेको अहिलेको सरकारले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई चुस्त, सक्षम र निष्पक्ष बनाउनुपर्ने भन्दै उनले भने, 'त्यसका लागि अख्तियारमा तत्कालै आयुक्तदेखि अनुसन्धान अधिकृत सम्मका जनशक्तिहरु अब अवकाशप्राप्त वा अन्य निजामती समुहबाट नभई छुट्टै खुल्ला प्रतिस्पर्धाबाट ल्याउने व्यवस्था सरकारले गरोस्।,'

सांसद पन्तले कार्यसम्पादनको मुल्यांकनको आधारमा संघीय सरकारले राम्रो गर्ने पालिकालाई पुरस्कृत गर्ने र भ्रष्टाचारमा संलग्न पालिकाहरुको आवश्यक परे अनुदान रोक्ने सम्मको कडा र निर्मम कार्यविधि अपनाउनपनि सरकारसगँ माग गरे।

# अनैतिक सम्बन्धले हत्या, चार जना पक्राउ

**नागेन्द्रकुमार कर्ण**

महोत्तरी, ३० भदौ। अनैतिक प्रेम सम्बन्धको कारण महोत्तरीको बलवामा एकजना युवकलाई हत्या गरेको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ। सो घटनाका एक जना भने फरार रहेका छन्। भंगहा नगरपालिका वडा नं. ६ बस्ने वर्ष २२ को विवेक कुमार सरदारलाई अनैतिक सम्बन्धको कारणले महोत्तरीको बलवा नगरपालिका वडा नं. ७ बनौटास्थित घर बोलाएर हत्या गरि शवलाई टुक्रा–टुक्रा पारि शौचालयको सेफ्टी ट्याङ्कमा लुकाइएको अवस्थामा प्रहरीले चार जनालाई पक्राउ गरेको हो।

यसरी पक्राउ पर्नेमा बलवा नगरपालिका वडा नं. ७ बनौटा बस्ने वर्ष ५८ को अशोक कुमार ठाकुर, उनकी श्रीमती वर्ष ५० की रामकली देवी, बुहारी वर्ष २२ की सोनु कुमारी ठाकुर तथा महोत्तरी गाउँपालिका वडा नं. ५ बस्ने वर्ष २८ को सियाराम शर्मा रहेका छन्। सोही घटनामा अशोक कुमार ठाकुरका छोरा जितेन्द्र कुमार ठाकुर फरार रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

मृतक विवेक कुमार सरदार भदौ १५ गते जलेश्वर नगरपालिका वडां नं. ११ पिगौनास्थित दिदीको घरबाट बा ३१ प ६१३८ नम्बरको मोटरसाइकल चढेर भंगहास्थित घर जाने क्रममा बाटोबाटै हराएको भनि भदौ १६ गते घरपरिवारले जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी प्रहरी निरीक्षक विश्वम्भरनाथ साहले जानकारी दिनुभयो। सोही दिनदेखि खोजतलास तथा अनुसन्धानपछि भदौ २६ गते शव फेला परेको उहाँको भनाइ छ।

सिसिटिभी फोटो तथा टेक्निकल एनालाइसिसपछि विवेक बलवा नगरपालिका ७ बनौटाबाट हराएको देखिएपछि थप अनुसन्धान गर्दै जाँदा प्रहरीले बलवा नगरपालिका–७ बनौटा निवासी अशोक कुमार ठाकुरको घर पछाडि रहेको सेफ्टी ट्याङ्कीभित्र टुक्रा–टुक्रा पारिएको अवस्थामा भदौ २६ गते विवेकको शव फेला पारेको थियो।

सो घटनामा पक्राउ परेका अशोक कुमार ठाकुरका बुहारी तथा जितेन्द्र कुमार ठाकुरकी श्रीमती सोनु कुमारीसँग मृतक विवेकको प्रेम सम्बन्ध रहेको र सोही कारण योजनावद्धरुपमा उनलाई घर बोलाएर हत्या गरि फलामको दाउले शवलाई टुक्रा टुक्रा पारि शव समेत गायव पर्ने मनसायले उनको शवलाई नौ टुक्रा बनाई सेफ्टी ट्याङ्गीमा राखेर माथिबाट सिमेन्ट बालुवा राखेर पस्टर गरिएको पाइएको जानकारी दिनुहुदै प्रहरी निरीक्षक साहले थप अनुसन्धानको लागि जिल्ला अदालत महोत्तरीबाट सात दिन म्याद समेत थप गरिएको बताउनुभयो।

स्थानीय युवा विवेक यादवले प्रेम सम्बन्ध अनैतिक भयो भने त्यसको नतिजा कति भयावह हुन्छ भन्ने परिणाम सो घटनाले देखाएको बताउनुभयो। प्रेम सम्बन्ध अपराध होइन तर त्यही सम्बन्ध अनैतिक भयो भने त्यसको क्रुरता कति भयावह हुन्छ भन्ने उदाहरण यो हत्या बनेको वताउनुभयो।

# धनुषामा महिलाको हत्या, श्रीमान् पक्राउ

जनकपुर, ३० भदौ। धनुषाको ढल्केवरमा सोमबार राति एक महिलाको हत्या भएको छ। मिथिला नगरपालिका–७ की २७ वर्षीया पुनितदेवी महतोको हत्या भएको हो। सोमबार राति करिब ११ बजेतिर उनको शव घरमा फेला परेको इलाका प्रहरी कार्यालय ढल्केवरले जनाएको छ। त्यहाँ उनको घाँटीमा डाम देखिएको छ।

घटनालगत्तै प्रहरीले श्रीमान् ३४ वर्षीय श्रीमान श्रवणकुमार महतोलाई पक्राउ गरेको छ। प्रारम्भिक सोधपुछका क्रममा श्रवणले विवाद हुँदा आफूले श्रीमतीको घाँटी थिचेर हत्या गरेको स्वीकार गरेको प्रहरीले जनाएको छ।

# भोटेकोशी बाढी : सप्तरीका ४७ जना आफन्तको डीएनए नमुना संकलन

**धीरेन्द्रप्रसाद साह**

राजविराज, ३० भदौ। रसुवाको भोटेकोशी क्षेत्रमा आएको बाढीपहिरोमा परी सम्पर्कविहीन रहेका सप्तरीका ४७ जनाको पहिचानका लागि उनीहरूका नजिकका आफन्तबाट डीएनए (आनुवंशिक पहिचान) परीक्षणका लागि रगतको नमुना सङ्कलन गरिएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक हेमराज घिमिरेका अनुसार भोटेकोशी बाढीपहिरोमा सप्तरीका ५५ जना सम्पर्कविहीन भएको विवरण प्राप्त भएको थियो। तीमध्ये चार जना जीवित फेला परेका छन् भने एक जनाको शव फेला परेको छ। बाँकी ४७ जना अझै सम्पर्कविहीन रहेको उहाँले जानकारी दिनुभयो। सम्पर्कविहीन व्यक्तिको सम्भावित शव फेला परेमा वैज्ञानिक विधिबाट पहिचान गर्न सहज होस् भन्ने उद्देश्यले उनीहरूका नजिकका आफन्तबाट डीएनए नमुना संकलन गरिएको हो।

राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा आफन्तहरूको रगतको नमुना संकलन गरी राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, काठमाडौँ पठाइसकिएको प्रहरी नायव उपरीक्षक घिमिरेले बताउनुभयो। डीएनए परीक्षणका लागि सामान्यतया सम्पर्कविहीन व्यक्तिका आमा, बुबा, छोराछोरी, दाजुभाइ वा दिदीबहिनी तथा अन्य नजिकका जैविक आफन्तबाट नमुना संकलन गरिएको गजेन्द्रनारायण सिंह अस्पतालका निमित मेडिकल सुपरिटेन्डेन्ट डा. रणजितकुमार झाले जानकारी दिनुभयो। पहिलो चरणमा ३९ जना जैविक आफन्तको रगत नमूना सङ्कलन गरेर पठाइसकेको उहाँले जानकारी दिनुभयो। बाँकीको नमूना संकलन गरेर प्रयोगशालामा पठाउनको लागि तयारी अवस्थामा रहेको उहाँले बताउनुभयो। यसरी आफन्तको डीएनए नमुनालाई सम्भावित शव वा अज्ञात व्यक्तिबाट प्राप्त जैविक नमुनासँग तुलना गरी पहिचान गर्न सकिन्छ।

बाढीपहिरोजस्ता विपत्तिमा शवको अवस्था बिग्रिएको वा अनुहारबाट पहिचान गर्न नसकिने अवस्थामा डीएनए परीक्षण महत्वपूर्ण वैज्ञानिक प्रमाण बन्ने गर्छ। आफन्तबाट पहिले नै डीएनए नमुना संकलन गरी राख्दा पछि फेला पर्ने अज्ञात शवसँग तुलना गरेर सम्बन्धित परिवारको सदस्य भए/नभएको यकिन गर्न सहयोग पुग्ने बताइएको छ।

सम्पर्कविहीन व्यक्तिको खोजी तथा पहिचानका लागि प्रहरी र सम्बन्धित निकायले आवश्यक प्रक्रिया अघि बढाइरहेका छन्। डीएनए परीक्षणको नतिजापछि फेला पर्ने सम्भावित शव वा अज्ञात व्यक्तिको पहिचान गर्न थप सहयोग पुग्ने अपेक्षा गरिएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)